Local Government

# राजपुर नगरपालिका

Rajpur Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of The Municipical Executive

राजपुर, रौतहट
Rajpur, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

E-mail : ito.rajpurmunrautahat@gmail.com
ito@rajpurautahat.gov.np
www.rajpurmunrautahat.gov.np

पत्र संख्या :- २०८२/०८३
चलानी नं.:- १६६६

मिति :- २०८३/०१/०७

विषय :- योजना छनौट गरी पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालय सवै
राजपुर नगरपालिकाको कार्यालय, राजपुर, रौतहट

प्रस्तुत विषयमा आगामी आ.व. २०८३/०८४ का लागि मिति २०८२/१२/२८ गते वसेको कार्यपालिका बैठकवाट वडागत स्वीकृत वजेट शिलिङ्गको परिधि भित्र रही आगामी आ.व.२०८३/०८४ को वजेट तथा कार्यक्रम तयारीका लागि वडाले आफ्नो आवश्यकताको आधारमा निम्न अनुसारका विषयलाई ध्यान दिई योजना छनौट गरेर आयोजनाहरुको प्राथमिकिकरण गरी विषय क्षेत्रगत रुपमा छुट्याई यसै साथ संलग्न अनुसूची विवरणमा समावेश गरी वडा भेला सम्पन्न गरी मिति २०८३ जेष्ठ १५ गते भित्र योजना शाखामा पठाई दिनु हुन अनुरोध छ ।

१) **योजना छनौट गर्दा ध्यान दिनुपर्ने विषयहरु :**

क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।
ख) उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
ग) महिलाको जीवनस्तर, सिप विकास, आम्दानी र रोजगारी वढ्ने ।
घ) स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
ङ) स्थानीय श्रोत, साधन र सीपको अधिकत्तम प्रयोग हुने ।
च) महिला, वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
ज) दिगो विकास वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुग्ने ।
झ) वालविवाह, उमेर नपुगि र जवरजस्ती गरिने विवाह सम्वन्धि जोड दिने ।
ञ) कृषि विद्युतीकरण कार्य ।

२) वडा स्तरीय योजना छनौट गर्दा स्थानीय वुद्दिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविज्ञ, सिमान्कृत तथा महिला, वालवालिका, दलित, युवा, अल्पसंख्यक, आपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको सहभागिता गराउनु पर्नेछ ।

३) पूर्वाधार विकासमा योजना छनौट गर्दा १० लाख भन्दा कम लागतको योजना छनौट नगर्ने ।

४) वडामा योजना छनौटको भेला कार्यक्रम गर्दा १५ हजारमा नवढ्ने गरी खर्च गर्न सकिनेछ ।

५) योजना छनौट गर्दा वालविवाह न्यूनिकरण तथा समुदायमा प्रत्यक्ष लाभ हुने गरी योजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ ।

**(नोट : योजना छनौट गरी पठाउनको लागि अनुसूची यसै साथ संलग्न छ । साथै माथि उल्लेखित बुदा नं.१ को 'झ र ञ' लाई कार्यक्रम छनौटमा अनिवार्य समावेश गर्नु हुन अनुरोध छ ।)**

(वैजु ठाकुर)
नि. प्रमुख प्रशासकीय अधिकृत
बैजु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## वडास्तरीय योजना तथा कार्यक्रमहरु छनौटका आधारहरु

नगरपालिका क्षेत्र भित्रका सवै बस्ती र टोलहरुमा आफू वा कुनै सदस्यहरुलाई सहभागि गराई स्थानीय जन समुदायहरुसँग उनीहरुवाट अति आवश्यक देखिएका कुराहरु टिपोट गरी ल्याउने र वडा समितिमा छलफल गरी अति आवश्यक देखिएका कार्यहरुलाई पहिलो प्राथमिकतामा राखी वजेटको परिधिभित्र रही छनौट गरिनु पर्ने । यसरी योजनाको छनौटका वखत आवश्यकता अनुसार अन्य विषयका विज्ञहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा उल्लेख भए अनुसार**

१. आर्थिक विकास तथा गरीवी निवारणमा प्रत्यक्ष योगदान दिने योजनाहरु

२. उत्पादन मुलक तथा छिटो प्रतिफल दिन सक्ने योजनाहरु

३. जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने खालका योजनाहरु

४. स्थानीय वासिन्दाहरुको सहभागितामा जुट्ने, लागत कम लाग्ने खालका योजनाहरु

५. महिला वालवालिका तथा पिछिडएका वर्ग, क्षेत्र, समुदायलाई लाभ पुग्ने खालका योजनाहरु

६. दिगो विकास वातावरणीय संक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुग्ने योजनाहरु

७. वालविवाह, उमेर नपुगि र जवरजस्ती गरिने विवाह सम्वन्धि योजनाहरु

८. सीप, रोजगार र उत्पादनमुलक योजनाहरु ।

**१. आर्थिक विकास क्षेत्र अन्तर्गत**

कृषिमा सुधार पशुपालनमा सुधार, नस्ल सुधार कार्ययोजना, व्यापार व्यवसायमा विस्तार लगायत नगरवासिहरु कर तिर्न सक्ने अवस्थामा ल्याउन सकिने आदि जस्ता योजनाहरु

**२. सामाजिक विकास क्षेत्र अन्तर्गत**

वालविवाह, उमेर नपुगि र जवरजस्ती गरिने विवाह कम गर्ने सम्वन्धि कार्ययोजनाहरु शिक्षामा सुधार, स्वास्थ्यमा पहुँच, खानेपानी तथा सरसफाई, जनसंख्या व्यवस्थापन, संस्कृति प्रवर्द्धन गर्ने आदि जस्ता खालका योजनाहरु

**३. भौतिक पूर्वाधार विकास क्षेत्र अन्तर्गत**

सडक तथा पुल पुलेसाहरु, सिचाई, उर्जा, लघु उर्जा, संचार आदि जस्ता योजनाहरु

**४. वातावरण तथा विपद् व्यवस्थापन**

जलाधार संरक्षण, वातावरण संरक्षण, वृक्ष्य रोपण, फोहोर मैला व्यवस्थापन, विपद् व्यवस्थापन, शीतलहरलाई सहयोग पुग्ने आदि जस्ता कार्यक्रमहरु

**५. संस्थागत विकास तथा सेवा प्रवाह**

सामान्य सेवा प्रवाहका लागि कार्यालय व्यवस्थापन, सुरक्षा व्यवस्था, पंजिकरण व्यवस्थापन, तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापन, अन्यत्र कतै वर्गीकरण नभएका विषय

**६. वित्तीय व्यवस्थापन तथा सुशासन**

आर्थिक कारोवारमा सुधार हुने, पादर्शीता कायम गर्न अति आवश्यक देखिएका कुराहरु, अभिलेख व्यवस्थापन, सार्वजनिक सुनवाई, गुनासो व्यवस्थापन आदि जस्ता विषयहरु

**७. लक्षित वर्ग**

२० वर्ष पछि विवाह गरेका अभिभावहरुलाई सम्मान तथा प्रोत्साहन, महिला शसक्तिकरण, वालवालिका हक हित सम्वन्धी, आपांगहरुका लागि सहायतका सामाग्री, जेष्ठ नागरिक सम्मान, पिछडिएका समुदायको उत्थान आदि जस्ता विषयहरु

CamScanner

## राजपुर नगरपालिका वडा नं ....

| वार्ड नं. ... | | वार्ड स्तरीय योजना | २०८२/०८३ |
|---|---|---|---|
| शिर्षक | सि.न. | योजना तथा कार्यक्रमहरू | बिनियोजित रकम |
| आर्थिक विकास | १ | | |
| | २ | | |
| सामाजिक विकास | १ | | |
| | २ | | |
| भौतिक पूर्वाधार विकास | १ | | |
| | २ | | |
| वातावरण तथा विपद व्यवस्थापन | १ | | |
| | २ | | |
| संस्थागत विकास | १ | | |
| | २ | | |
| वित्तिय व्यवस्थापन तथा सुशासन | १ | | |
| | २ | | |
| लक्षित वर्ग | १ | | |
| | २ | | |
| | | | |
| वैकल्पिक योजना | १ | | |
| | २ | | |
| | ३ | | |
| | ४ | | |
| | ५ | | |
| | ६ | | |
| | ७ | | |
| नगरको गौरव वृद्धि हुने प्रकृतिका योजनाहरू | १ | | |
| | २ | | |
| प्रदेश सरकारमा माग गर्ने योजनाहरू | १ | | |
| | २ | | |
| | ३ | | |
| | ४ | | |
| | ५ | | |
| | ६ | | |
| केन्द्र सरकारमा माग गर्ने योजनाहरू | १ | | |
| | २ | | |
| | ३ | | |
| | ४ | | |
| | ५ | | |
| | ६ | | |

CamScanner